| | |
|---|---|
| ९७. सुवेदार क्लर्क | सुवेदार कर्मचारी |
| ९८. जमदार क्लर्क | जमदार कर्मचारी |
| ९९. हवल्दार क्लर्क | हुद्दा कर्मचारी |
| १००. नायक क्लर्क | अमल्दार कर्मचारी |

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रियपञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तललेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### त्रिभुवन विश्वविद्यालय ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय (तेस्रो संशोधन) ऐन, २०२३" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (घ) मा रहेको "अधिनियम" भन्ने शब्दको सट्टा "परिनियम" भन्ने शब्द राखिएको छ ।

(२) मूल ऐनको दफा २को खण्ड (ट) पछि निम्नलिखित खण्ड (ट ट) राखिएकोछः–

(ट ट) "विनियम" भन्नाले यो ऐन अन्तर्गत बनी तत्काल लागू रहेको विश्वविद्यालयको बिनियम सम्झनु पर्छ ।

(३) मूल ऐनको दफा २ को खण्ड (ण) को सट्टा निम्नलिखित खण्ड (ण) राखिएको छः–

(ण) "विश्वबिद्यालय कलेज" भन्नाले यो ऐन अन्तर्गत विश्वविद्यालयले स्थापना गरी वा सम्मिलित गरी स्वयम सञ्चालन गरेको कलेज सम्झनु पर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– (१) मूल ऐनको दफा ३ को उप–दफा (१) को खण्ड (क), (ख) र (ग) मा रहेको "एक" भन्ने शब्द झिकिएको छ ।

(२) मूल ऐनको दफा ३ को उप–दफा (२) मा रहेको "निज" भन्ने शब्दको सट्टा "र सो संस्था" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ४ मा संशोधनः– (१) मूल ऐनको दफा ४ को खण्ड (ग) को सट्टा निम्नलिखित खण्ड (ग) राखिएको छः–

(ग) विश्वविद्यालयमा आवश्यकतानुसार प्रोफेसर, रीडर, लेक्चरर र अरू कुनै प्रकारका शिक्षकको पदहरू तथा प्रशासकीय पदहरू खडा गर्नु,

(२) मूल ऐनको दफा ४ को खण्ड (ज) को प्रारम्भमा रहेको "परिनियम र अधिनियम" भन्ने शब्दहरूको सट्टा "परिनियम, अधिनियम र विनियम" भन्ने शब्दहरू राखिएको छ ।

(३) मूल ऐनको दफा ४ को खण्ड (झ) मा रहेको "परिनियममा लेखिए अनुसार" भन्ने शब्दहरूको सट्टा "परिनियम र अधिनियम अनुसार" भन्ने शब्दहरू राखिएको छ ।

(४) मूल ऐनको दफा ४ को खण्ड (फ) को अन्तमा निम्नलिखित बाक्य थपिएको छः–

"संस्कृत, साहित्य र भाषा विषयमा शिक्षण र परीक्षाको माध्यम पनि परिनियममा तोकिए बमोजिम हुनेछ, र" ।

५. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को उप–दफा (३) को सट्टा निम्नलिखित उप–दफा (३) राखिएको छः–

(३) विश्वविद्यालयको अनुमति र श्री ५ को सरकारको स्वीकृति बेगर नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिराज्यभित्रका कुनै पनि शैक्षिक संस्थाले कुनै विदेशी विश्वविद्यालयबाट कुनै मान्यता प्राप्त गर्न, सम्बन्धन राख्न वा त्यस्तो कुनै सुविधा प्राप्त गर्ने प्रयत्न गर्न हुँदैन ।

६. मूल ऐनको दफा ६ मा संशोधनः– (१) मूल ऐनको दफा ६ को शीर व्यहोरा र उप–दफा (१) र (२) मा रहेको "वर्ण" शब्दहरूबाट कोष्ट झिकिएको छ ।

(२) मूल ऐनको दफा ६ को शीर व्यहोरामा रहेको "वर्ण" शब्द पछि र उप–दफा (१) मा रहेको "जात र वर्ण" शब्दहरू पछि र उप–दफा (२) को "'जात" शब्द पछि अर्ध विराम राखिएको छ ।

७. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को उप–दफा (९) पछि निम्नलिखित उप–दफा (१०) थपिएको छः–

(१०) यो ऐन वा यस ऐन अन्तर्गतको परिनियम वा अधिनियममा जुनसुकै कुरा लेखिएको भए तापनि चान्सलरको निर्देश अनुसार गर्नु विश्वविद्यालयका सम्बन्धित अधिकारी वा पदाधिकारीका लागि कानूनी हुनेछ ।

८. मूल ऐनको दफा १२ मा संशोधनः– (१) मूल ऐनको दफा १२ को उप–दफा (४) (क) मा रहेको "आकस्मिक" भन्ने शब्दको सट्टा "अपर्झट" भन्ने शब्द राखिएको छ ।

(२) मूल ऐनको दफा १२ को उप–दफा (७) मा रहेको "परिनियम र अधिनियम" भन्ने शब्दहरूको सट्टा "परिनियम, अधिनियम र विनियम" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा १३ मा संशोधनः– (१) मूल ऐनको दफा १३ को उप–दफा (१) को सट्टा देहाय बमोजिमको उप–दफा (१) राखिएको छः–

(१) विश्वविद्यालयका कोषाध्यक्षको पदमा सिण्डिकेटका उपस्थित सदस्यहरूको बहुमतले सिफारिश गरेको व्यक्तिलाई चान्सलरको स्वीकृतिलिई सिनेटले नियुक्त गर्ने छ । कोषाध्यक्षको पद बैतनिक वा अवैतनिक दुबै हुन सक्नेछ ।

(२) मूल ऐनको दफा १३ को उप–दफा (३) को सट्टा देहाय बमोजिमको उप–दफा (३) राखिएको छः–

(३) कुनै कारणले कोषाध्यक्षको सेवा केही अवधिको लागि उपलब्ध हुन नसकेमा सो अवधिसम्मको लागि कोषाध्यक्षको काम चलाउन सिण्डिकेटले आफूमध्येबाट एक जना सदस्यलाई चान्सलरको स्वीकृतिलिई नियुक्त गर्न सक्ने छ ।

(३) मूल ऐनको दफा १३ को उप–दफा (६) मा संशोधनः–

(६) यस दफामा लेखिएदेखि बाहेक कोषाध्यक्षको अन्य काम, कर्तव्य,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार एवं सेवा शर्तहरू परिनियम र अधिनियममा तोकिए बमोजिम हुनेछन् ।

१०. मूल ऐनको दफा १४ मा संशोधनः– मूल ऐनको दफा १४ को उप–दफा (१) को सट्टा देहाय बमोजिमको उप–दफा (१) राखिएको छः–

(१) विश्वविद्यालयका रजिष्ट्रारको नियुक्ति परिनियम अनुसार सिण्डिकेटले गर्ने छ ।

११. मूल ऐनको दफा १७ मा संशोधनः– (१) मूल ऐनको दफा १७ को उप–दफा (१) को कक्षा १ को खण्ड (ख) को सट्टा निम्नलिखित खण्ड (ख) राखिएको छ ।

(ख)

(१) नेपालका प्रधान न्यायाधीश,
(२) राष्ट्रिय पञ्चायतका अध्यक्ष,
(३) एटर्नी जनरल,
(४) श्री ५ को सरकारको शिक्षा मन्त्रालयको प्रमुख,
(५) श्री ५ को सरकारको अर्थ मन्त्रालयको प्रमुख,
(६) श्री ५ को सरकारको गृह–पञ्चायत मन्त्रालयको प्रमुख,
(७) श्री ५ को सरकारको आर्थिक योजना मन्त्रालयको प्रमुख,
(८) श्री ५ को सरकारको उच्च शिक्षाका निर्देशक,
(९) श्री ५ को सरकारको प्राथमिक र माध्यमिक शिक्षाका निर्देशक,
(१०) श्री ५ को सरकारको स्वास्थ्य सेवाका निर्देशक,
(११) श्री ५ को सरकारको कृषि विभागका निर्देशक,
(१२) श्री ५ को सरकारको उद्योग विभागका निर्देशक,
(१३) श्री ५ को सरकारको भवन विभागका चीफ इञ्जिनीयर,
(१४) श्री ५ को सरकारको निर्देशक सरहका वन विभागका विशेषज्ञ,
(१५) श्री ५ को सरकारको पुरातत्व विभागका निर्देशक,
(१६) श्री ५ को सरकारको खानी विभागका निर्देशक,
(१७) विश्वविद्यालयका लाइब्रेरियन, र
(१८) छात्रहरूका डीन ।

(२) मूल ऐनको दफा १७ को उप–दफा (१) को कक्षा ३ को सट्टा निम्नलिखित कक्षा ३ राखिएको छः–

कक्षा ३. प्रतिनिधि, सदस्यहरू

(क) डीनको पदमा रहेका बाहेक विश्वविद्यालय कलेजका अन्य प्रिन्सिपलहरू मध्येबाट परिनियममा तोकिए बमोजिम पालैसंग दुइ जना,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) डीनको पदमा रहेका बाहेक विश्वविद्यालय कलेजका अन्य विभागीय प्रमुखहरू मध्येबाट परिनियममा तोकिए बमोजिम पालैसंग बाह्र जना,

(ग) सम्बद्ध डिग्री कलेजका प्रिन्सिपलहरू मध्येबाट चार जना र सम्बद्ध इन्टर मिडिएट कलेजका प्रिन्सिपलहरू मध्येबाट एक जना गरी परिनियममा तोकिए बमोजिम पालैसंग पाँच जना,

(घ) विश्वविद्यालयको निमित्त चन्दा प्रदान गर्ने दाताहरू मध्येबाट परिनियममा तोकिए बमोजिम निर्वाचित भएका दुइ जना, र

(ङ) परिनियममा लेखिए अनुसार विश्वविद्यालयका रजिष्टर्ड ग्रेजुएट मध्येबाट निर्वाचित भएका सात जना,

(३) मूल ऐनको दफा १७ को उप–दफा (२) मा रहेको " निर्वाचित " भन्ने शब्दको सट्टा "प्रतिनिधि" भन्ने शब्द राखिएको छ ।

१२. मूल ऐनको दफा १८ मा संशोधनः– (१) मूल ऐनको दफा १८ को खण्ड (ण) को सट्टा निम्नलिखित खण्ड (ण) राखिएको छः–

(ण) विश्वविद्यालय कलेजका शिक्षकहरूको स्थायी दरवन्दी र सेवाका शर्त निर्धारित गर्नु र सिण्डिकेटबाट लागू गराउनु ।

(२) मूल ऐनको दफा १८ को खण्ड (ड) खारेज गरिएको छ र त्यसपछि को खण्ड (ढ), (ण), (त) र (थ) लाई क्रमशः खण्ड (ड), (ढ), (ण) र (त) गरिएको छ ।

१३. मूल ऐनको दफा १९ मा संशोधनः– मूल ऐनको दफा १९ को सट्टा निम्नलिखित दफा १९ राखिएको छः–

१९ सिनेटको बैठकः– (१) वर्षमा दुइ पटक चान्सलरले निर्धारित गरेको मितिहरूमा सिनेटको बैठक हुनेछ र परिनियममा तोकिए बमोजिम ती मध्ये एकलाई वार्षिक बैठक मानिने छ ।

(२) सिनेटका कम्तीमा १५ जना सदस्यहरूले लिखित रूपमा आवेदन गरेमा वा आफूले उचित ठहराएमा चान्सलरले जुनसुकै बखत पनि सिनेटको विशेष बैठक बोलाउन सक्नेछन् ।

१४. मूल ऐनको दफा २० मा संशोधनः– मूल ऐनको दफा २० को सट्टा निम्नलिखित दफा २० राखिएको छः–

२०. सिण्डिकेटः– (१) सिण्डिकेट विश्वविद्यालयको कार्यकारिणी अङ्ग हुनेछ । र यसमा निम्नलिखित सदस्यहरू रहने छन्ः–

(१) भाईस–चान्सलर पदेन सदस्य, एवं सभापति,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४६

(२) कोषाध्यक्ष, पदेन सदस्य,

(३) श्री ५ को सरकारको शिक्षा मन्त्रालयको प्रमुख वा निजले खटाएमा उच्च शिक्षाका निर्देशक,

(४) सिनेटका सदस्य भएका विश्वविद्यालय कलेज बाहेक अरू कलेजका प्रिन्सिपलहरू मध्ये चान्सलरबाट मनोनीत एक जना प्रिन्सिपल,

(५) विश्वविद्यालय कलेजका डीनहरू मध्येबाट चान्सलरबाट मनोनीत एक जना डीन र,

(६) सिनेटका सदस्यहरूले आफू मध्येबाट सिफारिश गरी चान्सलरबाट मनोनीत भएका तत्काल डीन वा प्रिन्सिपलको पदमा रहेका चार जना सिनेटका सदस्यहरु,

(२) सिनेटका पदेन सदस्य बाहेक अरू प्रत्येक सदस्यको कार्य अवधि निज सदस्य भएको मितिले ५ वर्षको हुनेछ।

तर, कुनै पदमा वहाल रहेको हैसियतबाट मनोनीत वा प्रनिनिधि भै आएका सदस्य सो पदमा वहाल नरहे पछि सिण्डिकेटको सदस्य कायम रहने छैन।

१५. मूल ऐनको दफा २१ मा संशोधनः– (१) मूल ऐनको दफा २१ को खण्ड (ट), (ड) (ढ) र (थ) को सट्टा निम्नलिखित खण्ड (ट), (ड), (ढ) र (थ) राखिएको छः–

(ट) निम्नलिखित कुराहरूको व्यवस्था गर्नुः–

(क) विश्वविद्यालय बाहिर शिक्षण र अनुसन्धान, र

(ख) विश्वविद्यालयको प्रचार कार्यहरू,

(२) शारिरीक व्यायाम खेलकूद, सैनिक प्रशिक्षण,

(३) छात्रसंघ (नेपाल विद्यार्थी संगठनको इकाईको रूपमा),

(४) छात्र कल्याण, र

(५) छात्रहरूको लागि डीनको व्यवस्था।

(ड) छात्रावासहरूलाई मान्यता प्रदानगर्नु र शिक्षकहरूको निवासको प्रबन्ध गर्नु गराउनु।

(ढ) सम्बद्ध कलेज र मान्यता प्राप्त संस्थाहरूको निरीक्षणको आवश्यक प्रबन्ध गर्नु, निर्देशन दिनु र तिनीहरूको स्तर कायम राख्नु, तिनमा रहेका शिक्षकहरूको तलब तथा नियुक्तिको अन्य शर्तको उचित प्रबन्ध गराउन आवश्यक निर्देशनहरू दिनु र त्यस्तो निर्देशनहरूको उचित पालन नभएमा तिनीहरूको सम्बन्धनको शर्तमा संशोधन वा अन्य कुनै उचित कारवाई गर्नु।

(थ) यो ऐन वा परिनियममा अन्यथा लेखिएकोमा बाहेक परिनियम बमोजिम गठित विश्वविद्यालय सेवा आयोगको सिफारिशमा विश्वविद्यालयका पदा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धिकारी, शिक्षक र कर्मचारीहरूको नियुक्ति गर्नु, तिनीहरूको कर्तव्य र सेवाका शर्तहरू निर्धारित गर्नु, तिनीहरूको पद बीच बीचमा केही समयका लागि रिक्त भएमा त्यस्को पूर्तिको व्यवस्था गर्नु

१६. <u>मूल ऐनको दफा २८ मा संशोधनः–</u> (१) मूल ऐनको दफा २८ को उप–दफा (१) को खण्ड (क) र (ग) को सट्टा निम्नलिखित खण्ड (क) र (ग) राखिएको छः–

(क) कुनै कलेज, शैक्षिक संस्था र छात्रावासहरूलाई मान्यता प्रदान गर्ने र निरीक्षण गर्ने,

(ग) विश्वविद्यालयलाई चाहिने शिक्षकहरूको नियुक्तिका शर्तहरू,

(२) मूल ऐनको दफा २८ को उप–दफा (२) मा रहेको "बहुमतले" भन्ने शब्दको सट्टा "दुइ तिहाई बहुमतले" भन्ने शब्दहरू राखिएको छ ।

१७. <u>मूल ऐनको दफा ३४ मा संशोधनः–</u> (१) मूल ऐनको दफा ३४ को उप–दफा (२) को खण्ड (घ) मा रहेको "सिनेटमा" भन्ने शब्दको सट्टा "सिण्डिकेटमा" भन्ने शब्द राखिएको छः–

(२) मूल ऐनको दफा ३४ को उप–दफा (३) मा रहेको "सिनेटले" भन्ने शब्दको सट्टा "सिण्डिकेटले" भन्ने शब्द राखिएको छ ।

१८. <u>मूल ऐनको दफा ३६ मा संशोधनः–</u> (१) मूल ऐनको दफा ३६ को उप–दफा (१) को सट्टा निम्नलिखित उप–दफा (१) राखिएको छः–

(१) कलेज बाहेक अरू कुनै अनुसन्धान वा विशेष अध्ययन संस्थालाई मान्यता प्राप्त संस्था भनी मान्यता प्रदान गर्ने अधिकार एकेडेमिक काउन्सिलको सिफारिशमा सिण्डिकेटलाई हुनेछ ।

(२) मूल ऐनको दफा ३६ को उप–दफा (४) को सट्टा निम्नलिखित उप–दफा (४) राखिएको छः–

(४) एकेडेमिक काउन्सिलले उप–दफा (१) अन्तर्गत सिफारिश गर्ने प्रयोजनको निमित्त कुनै आवेदन–पत्र उपर विचार गर्ने निधो गरेमा आफूले अधिकार दिएको एक वा एक भन्दा बढी योग्य व्यक्तिहरूद्वारा स्थानीय जाँच बुझ गराउन सक्नेछ । त्यस्तो जाँचबुझको परिणाम उपर विचार गरी र आफूले आवश्यक ठानेमा अरू जाँचबुझ समेत गरी एकेडेमिक काउन्सिलले आवेदन पत्रलाई उप–दफा (१) अन्तर्गत सिफारिश गर्ने प्रयोजनको निमित्त पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्नेछ । सो बमोजिम आवेदन पत्र पूर्ण वा आंशिक रूपमा स्वीकार गरेकोमा एकेडेमिक काउन्सिलले सम्बन्धित संस्थालाई मान्यता प्रदान गर्न चाहेको विषय र त्यसको पाठचक्रम

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकि त्यसको रिपोर्ट सिण्डिकेटमा पेश गर्ने छ । आवेदन-पत्र पूर्ण वा आंशिक रूपमा अस्वीकृत भएकोमा एकेडेमिक काउन्सिलले त्यसका कारणहरू दर्शाउनेछ ।

१९. मूल ऐनको दफा ३९ मा संशोधनः– (१) मूल ऐनको दफा ३९ को उप–दफा (१) को सट्टा निम्नलिखित उप–दफा (१) राखिएको छः–

(१) कुनै मान्यता प्राप्त संस्थाले आफूले मान्यता प्राप्त गर्दाको शर्तहरू पालन नगरेमा वा शिक्षाको विकासमा हानिकारक हुने किसिमको कुनै काम गरेमा त्यस्ता संस्थालाई मान्यता प्रदान गरी दिई राखेको अधिकारहरू झिक्न वा जति सुकै समयको लागि स्थगित गर्ने अधिकार एकेडेमिक काउन्सिलको सिफारिशमा सिण्डिकेटलाई हुनेछ ।

(२) मूल ऐनको दफा ३९ को उप–दफा (४) को सट्टा निम्नलिखित उप–दफा (४) राखिएकोछः–

(४) उप–दफा (३) मा लेखिए अनुसारको आवेदनपत्र प्राप्त भए पछि वा अवधि समाप्त भएपछि एकेडेमिक काउन्सिलले प्रस्तावको सूचना प्रस्ताव पेश गरेको कारणहरूको विवरण र आवेदनपत्र उपर विचार गरी आफूले अधिकार दिएको एक वा एकभन्दा बढी योग्य व्यक्तिहरूद्वारा निरीक्षण गराई र आवश्यक ठानेमा अरू जाँच बुझ समेत गराई मान्यता झिक्ने वा स्थगित गर्ने कुरामा आफ्नो सिफारिश सिण्डिकेटमा पेश गर्ने छ । तर एकेडेमिक काउन्सिलका जम्मा सदस्यहरू मध्ये कम्तीमा आधा सदस्यहरूको बहुमत नभई त्यस्तो मान्यता झिक्ने वा स्थगित राख्ने सम्बन्धी प्रस्ताव पास भएको मानिने छैन ।

२०. मूल ऐनमा दफा ३९ (क) थपः– मूल ऐनको दफा ३९ पछि निम्नलिखित दफा ३९ (क) थपिएको छः–

३९. (क) सम्बन्धन र मान्यता बारे सिनेटको निर्णय अन्तिम हुनेः– यस परिच्छेद मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कलेज वा अनुसन्धान वा विशेष अध्ययन संस्थालाई सम्बन्धन गर्ने वा मान्यता दिने वा त्यस्तो सम्बन्धन वा मान्यता झिक्ने बारे एकेडेमिक काउन्सिलको सिफारिशसंग सिण्डिकेटको सहमति नभएमा सो कुरा सिण्डिकेटले सिनेटको बैठकमा पेश गर्ने छ र त्यसमा सिनेटले दिएको निर्णय अन्तिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।